**नेपाल कम्युनिष्ट पार्टी** (**एकीकृत समाजवादी**)

१०औं राष्ट्रिय महाधिवेशन (असार १६-२०, २०८१)

# दस्तावेजमा सुझाव

**राजेन्द्र कुमार राई**

सचिव

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | दस्तावेजमा सुझाव |
| प्रकाशक | : | लेखक |
| मुद्रित प्रति | : | ५,००० प्रति |
| मिति | : | असार २०८१ |
| डिजाइन र मुद्रण | : | एपेक्स प्रिन्टिङ्‍ प्रेस प्रा. लि. |
| | | तीनकुने, काठमाडौं |
| टेलिफोन | : | ०१ ४१११८११ |
| ईमेल | : | apexpress100@gmail.com |

|

# १. आगे जस्तो सिद्धान्त त्यस्तै पार्टी संरचना र पद्धति, पद विनाका सबै कमिटी

विगतको समीक्षा र प्रसङ्ग छाडेर सीधै विषयमा प्रवेश गरेर भन्नुपर्दा, अबको कम्युनिष्ट पार्टीको संरचना र पद्धति बिल्कुल कम्युनिष्ट सिद्धान्त र मान्यताअनुसार कै हुन जरुरी छ, होइन भने सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर पर्न गई हामी कम्युनिष्टहरु ढोंगी, कठमुल्लावादी ठहरिने मात्र हैन अनेक खाले सांगठानिक झमेला र समस्यामा पर्नेछौं ।

जगजाहेर कुरा हो कम्युनिष्टको मूल सिद्धान्त र लक्ष्य मानिसहरुलाई बराबरी/समान बनाउने, आम मानिसलाई शासक/निर्णायक बनाउने हो (अरु पनि छन्) ।

जब समाजका सबै मानिसलाई बराबरी/समान बनाउने र आम जनतालाई निर्णायक बनाउने कम्युनिष्टको सिद्धान्त र लक्ष्य हो भने कम्युनिष्ट पार्टीले आफ्नै आन्तरिक जीवनमा पनि यो सिद्धान्तलाई लागू गर्नुपर्छ मात्र हैन, समाजमा भन्दा लागू गर्न सजिलो पनि हुन्छ। यसो भन्नुको मतलब अब कम्युनिष्ट पार्टीभित्र सबै बराबर/समान हुने, कोही ठूलो र कोही सानो नहुने, कोही नेता र कोही कार्यकर्ता नहुने, सबै सहयोद्धा/सहकर्मी हुने अवस्था निर्माण गरिनुपर्छ । त्यसका लागि निम्न अनुसारको पार्टी संरचना र पद्धति अभ्यासमा ल्याइनु पर्दछः

क) अब सिंगो पार्टीभित्र कुनै पद र पदाधिकारी रहने छैन अथवा कुनै पनि कमिटीमा कुनै पद र पदाधिकारी रहने छैन, सदस्यहरु मात्र रहने छन् । केबल कामको संयोजनको लागि कमिटीको बैठकले सदस्यहरु मध्येबाट कुनै एकजनालाई समय अवधि तोकेर निश्चित समयको लागि वा समय नतोकी अर्को निर्णय नभएसम्मको लागि जिम्मेवारी दिइनेछ।

त्यस्तो जिम्मेवारी दिइएको सदस्यलाई संयोजक वा अध्यक्ष भनिनेछ (यो छलफलबाट निर्णय गरिनुपर्ने) । संयोजक/अध्यक्षले आफ्नो जिम्मेवारीलाई व्यवस्थित, प्रभावकारी बनाउन आफ्नो (कमिटीको हैन) सचिवालय बनाउन सक्नेछ।

ख) एउटा तहको कमिटी एउटैमात्र हुनेछ अथवा एउटा तहको कमिटीभित्र धेरै पत्र (सचिवालय, कार्यालय, स्थायी कमिटी, पोलिटब्युरो आदि) हुने छैन।

ग) कुनै पनि निर्णय कमिटीले मात्र गर्ने छ। संयोजक/अध्यक्ष, कुनै नामको सानो समूह आदिद्वारा गर्न पाइने छैन, भौतिक उपस्थितिसहितको बैठक बस्न समय अभाव र असुविधा भएको अवस्थामा प्रविधिको उपयोग गरी बैठक आयोजना गरी निर्णय गर्न सकिने छ। तर, कुनै विषयमा पूर्ण कमिटीको बैठकद्वारा तत्काल निर्णय गर्न तयारी नपुगे वा तत्काल निर्णय गर्न नपर्ने भए र पुनः पूर्ण कमिटीको बैठक आयोजना गरी निर्णय गर्न असुविधा हुने परिस्थिति भएमा पूर्ण कमिटीको बैठकले सो विषयमा निर्णय गर्ने अधिकार प्रत्यायोजन सहित संयोजक/अध्यक्षको संयोजकत्वमा अन्य केही सदस्यहरु रहेको अस्थायी कमिटी बनाउन सक्नेछ । तद्अुसार गरिएको निर्णय कमिटीकै निर्णय मानिने छ । तोकिएको विषयमा निर्णय गरेपछि वा निर्णय गरिनुपर्ने विषयको सन्दर्भ सकिएपछि त्यसरी बनाइएको कमिटी स्वतः भंग हुनेछ।

घ) आफ्नो क्षेत्र वा तहभित्रको निर्णय तत् तहको कमिटीले गर्ने छ । कार्यक्षेत्र मिचेर वा गम्भीर प्रकृतिको वा कारबाहीजन्य त्रुटि रहेको निर्णयलाई मात्र सच्चाउनको लागि माथिल्लो कमिटीले निर्देशन दिन सक्ने छ। अघिल्लो कमिटी आफैँले निर्णय गरी सच्चाउने भन्ने हुँदैन र त्यसरी निर्णय सच्चाउनका लागि माथिल्लो कमिटीले यसकारण पठाएको निर्देशन तल्ला कमिटीले अनिवार्यरुपमा कार्यान्वयन गर्न' पर्नेछ।

ङ) कमिटीहरु साना हुने छैनन्/कमिटीका सदस्यहरु/पार्टी सदस्यहरुलाई बोल्न अवसर दिइनेछ, बोल्ने वातावरण प्रदान गरिनेछ।

भनिरहन पर्दैन कम्युनिष्टहरू जनवादका पक्षधर हुन् जनवादका अनेक पाटो मध्ये निर्णय अधिकार सबैमा पुऱ्याउनु वा निर्णय प्रक्रियामा सबैलाई सहभागी गराउनु, बोल्ने/विचार राख्ने अधिकार सबैले प्रयोग गर्न पाउनु पनि एक हो। अवश्य पनि पार्टीको निर्णय प्रक्रियामा एकैसाथ प्रत्यक्ष रुपमा सबैलाई सहभागी गराउन सम्भव हुने कुरा भएन र त्यस्तो व्याख्या र अपेक्षा कसैले गर्दैन पनि। तर सकेसम्म धेरैलाई सहभागि गराउने कोशिस गरिनु पर्दछ। यस्तै कोशिसमध्ये कमिटीहरू अलि ठूलो बनाउनु र कमिटीका सदस्यहरुलाई बैठकमा र अन्य समयमा पनि बोल्ने अवसर प्रदान गरिनु, बोल्ने वातावरण निर्माण गरिनु पनि हो।

## २. दुई सांगठानिक विषय तीन सुझाव

समय अभावका कारण धेरै सुझाव राख्न सकिएन तर साह्रै खट्किएका यी तीन सुझाव चाहि राखी हाल्न जरुरी लागेकाले प्रस्तुत गरिएको छः

क) संसदीय दलभित्र चुनाव गरेर नेता छनौट गर्ने प्रचलन र प्रक्रिया बन्द गरिनुपर्छ। संसदीय दलको नेता छनौट सर्वसम्मत हुने अवस्थामा संसदीय दलबाटै छनौट गर्न सकिन्छ तर विवाद भएको अवस्थामा बहुमत, अल्पमत मापन गरेर वा चुनाव गरेर दल नेता छनौट गर्न पाइदैन/ गर्न दिइनुहुँदैन। विवादको अवस्थामा पार्टीको केन्द्रीय कमिटीको निर्णयबाट दलको नेता छनौट गरिनुपर्छ।

दलको नेता छनौटको प्रक्रिया यस्तो हुनुपर्छ :

सबै संसदीय दललाई सर्वसम्मतिले नेता छनौट गर्ने समय सीमा केन्द्रीय कमिटीले तोकी दिनुपर्छ।

केन्द्रीय कमिटीले तोकेको समय भित्र सर्वसम्मतिले दल नेता छनौट हुन नसके केन्द्रीय कमिटीले दल नेता छनौट गरिदिनु पर्छ। तर केन्द्रीय कमिटीले

दल नेता छनौटको निर्णय गर्दा दल सदस्यहरुको भावना/राय बुझ्ने काम गर्नु'पर्छ । र, बहुमत सदस्यको भावना/राय अनुसार निर्णय गरिनुपर्छ ।

संसदीय दलभित्र चुनाव गरियो वा मतामत गरियो भने भने एकातिर दलको भूमिका र काममा नकारात्मक असर पर्छ वा सांसद र संसदीय दलको भूमिका कमजोर हुने अवस्था बन्छ भने अर्कोतिर मतदानबाट छनौट भएको नेता स्वेच्छाचारी हुने, पार्टीलाई समेत नटेर्ने, दलभित्र पक्षपाती/आग्रही बन्ने सम्भावना रहन्छ ।

संसदीय दलभित्र चुनाव/मतामत गरेर भएपनि छनौट गरिनुलाई लोकतान्त्रिक अभ्यास हो र त्यसो गर्न रोकेर पार्टीले दलको नेता छनौट गर्नु' लोकतान्त्रिक अभ्यासको उल्लंघन हो, सांसदहरुको अधिकारको हनन हो भन्ने तर्क पनि उठ्न सक्छ । तर, बुझ्नु के पर्छ भने, संसदीय दल भनेको पार्टीको कमिटी होइन कामको मोर्चा हो, मोर्चा भनेको पूर्णरुपले पार्टीको निति, नियम र निर्देशनअनुसार चल्नुपर्छ ।

ख) गठबन्धनको सरकारमा सहभागी हुने वा नहुने वा कुनै पार्टीसंगठनको गठबन्धनमा जोड गर्ने /रहने भन्नेजस्ता कुराको निर्णय पार्टी केन्द्रीय कमिटीले गर्नु'पर्छ तर मन्त्री र विभिन्न राजनैतिक नियुक्तिमा कसलाई पठाउने भन्ने निर्णय संघको हकमा केन्द्रीय संयोजक/अध्यक्ष, दुई संसदीय दलका दुई नेता, प्रतिनिधिसभाको संसदीय दलको उपनेता र पार्टीले निर्णय गरे अनुसार थप दुई (सांसद वा पार्टी केन्द्रीय सदस्यहरु मध्येबाट) रहेको कमिटी र प्रदेशको हकमा प्रदेश कमिटीको इन्चार्ज, पार्टी संयोजक/अध्यक्ष र संसदीय दलको नेताले गर्ने छ ।

ग) पार्टी र पार्टीनिकटका जनवर्गीय संगठनहरु बीचको अन्तर सम्बन्ध पुनः परिभाषित गर्ने र त्यसअनुसारको अभ्यास गर्ने काममा ढिला भइसकेको छ । करिब पार्टी प्रतिबन्धित रहेकै बेलादेखि अभ्यासमा ल्याइएका अन्तरसम्बन्धको पद्धतिलाई अहिलेसम्म पनि अवलम्बन गरिँदैछ भन्दा फरक पर्ने अवस्था छैन । तर, अबको खुल्ला परिस्थितिमा त्यस खाले अन्तर सम्बन्धको अभ्यासले जनवर्गीय संगठनको आकर्षण, अस्तित्व, शक्तिलाई क्षयीकरण गर्दै लगिरहेको छ, तिनीहरुको भूमिकालाई खुम्चाई रहेको छ ।

पार्टी र जनवर्गीय संगठनको अन्तर सम्बन्ध कस्तो हुनुपर्छ भन्ने विषयमा यहाँ सबिस्तार उल्लेख गर्न खासै समस्या थिएन तर लामो हुने भएकोले विषय उठान र ध्यानाकर्षण मात्र गरिएको छ। कम्तीमा हाम्रा अग्रज कमरेड मदन भण्डारी र कमरेड पुष्पलाल श्रेष्ठले अघि सार्न' भएको अवधारणालाई मात्र कार्यान्वयनमा ल्याउन सकियो भने धेरै कुरा ठीक हुनेछ।

कमरेड मदन भण्डारीका अनुसारः

पार्टीको नीति र सम्बन्धित संगठनहरुका प्रजातान्त्रिक प्रकृयाबाट पारित विचारहरुमा अन्तरविरोध देखियो भने त्यस संगठनलाई त्यसबेला सम्बन्धित सवालमा उसकै निर्णयअनुसार चल्न दिनुपर्छ (मदन भण्डारीको संकलित रचनाहरु पृष्ठ-१२३)

आफ्नो वर्ग र पेशाको हितमा आवश्यकता परेको खण्डमा प्रजातान्त्रिक ढङ्गले पार्टीको नीतिभन्दा फरक मत राख्ने र त्यसअनुसार काम गर्ने स्वतन्त्रता जनवर्गीय संगठनलाई दिनुपर्छ (मदन भण्डारीको संकलित रचनाहरु पृष्ठ-१२३)

कुनैपनि जनसंगठनहरुसँग सरोकार राख्ने विषयहरुमा पार्टीले आफ्नो विचार, विश्लेषण र निति पठाउन सक्छ तर त्यो नीति सम्बन्धित संगठनको आफ्नै प्रक्रिया विधिअनुरुप पारित भएर मात्र लागू हुनुपर्छ। (नवयुग वर्ष १ अङ्क १ पृष्ठ ३०)

अझ पार्टीको सरकारसँग अन्तरसम्बन्धको बारेमा त उहाँले भन्नुभएको छ, 'सम्बन्धित क्षेत्रको काम र आफ्नो वर्ग वा पेशाको हितका निम्ति र सरकारी निति एवम व्यवहारका विपक्षमा आलोचना, सभा, जुलुस र विरोध प्रदर्शन गर्ने पनि स्वतन्त्रता दिनुपर्छ।' (संकलित रचनाहरु पृष्ठ १२२)

कमरेड पुष्पलाल श्रेष्ठका अनुसारः

जनवर्गीय संगठनमा काम गर्ने कुनै हाम्रा कमरेडहरुले पार्टी र ती जनवर्गीय संगठनहरुका बीचमा फरक छुट्याउन नसकी जनवर्गीय संगठनको मञ्चलाई पनि पार्टीकै मञ्च बराबर बनाई दिन्छन्। उनीहरु चाहन्छन् कि

जनवर्गीय संगठनमा काम गर्ने प्रत्येक व्यक्तिले हाम्रा पार्टीलाई समर्थन गरुन् । यसो हेर्दा यसमा कमरेडहरुले गरेको काम पार्टीको फाइदाको जस्तो छ, तर वास्तवमा पार्टीलाई मुट्ठीभर मानिसहरुको जनसंगठन बनाएर फाइदा छैन । चाहे हाम्रो पार्टीको पक्षमा वा विपक्षमा होस् यदि कुनै किसानको निम्ति, कुनै विद्यार्थीको निम्ति सुचारु रुपमा काम गर्न चाहन्छ भने हामीले आफ्नो सिद्धान्तको झगडा छाडी अवश्य नै उसँग मिली काम गर्न'पर्छ ।

छोटकरीमा भन्नुपर्दा पार्टी र जनवर्गीय संगठनहरुको अन्तरसम्बन्ध राजनीतिक सामिप्यता र सांगठनिक स्वतन्त्रताको हुनुपर्छ । यसको विस्तृत व्याख्या यहाँ सम्भव छैन ।

## ३) फेरि पनि पहिचानको पक्षमा, न्यायको पक्षमाः

प्रदेशको नामकरणको विषय हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) मा निर्णय हुन बाँकी विषय होइन किनकि हामी नेकपा (एमाले)मा हुँदै प्रदेशको नाम पहिचानसहितको वा बहुपहिचानको राखिनुपर्छ भन्ने निर्णय गरी सकेका छौं ।

कतिपयलाई लाग्न सक्छ वा कतिपयले तर्क गर्न सक्छन्, हामी एमालेमा हुँदा गरिएको निर्णयहरु नेकपा (एकीकृत समाजवादी) को हुँदैन एमालेबाट विद्रोह गरेर नयाँ पार्टी स्थापना गरे पछिको निर्णयहरु मात्र हाम्रा हुन् त्यसैले प्रदेशको नामकरणका विषय हाम्रो पार्टीमा अनिर्णित छ । झट्ट सुन्दा यो तर्क ठीकैजस्तो लागे पनि सरासर गलत छ ।

लामो कुरा नगरी एउटैमात्र उदाहरण प्रस्तुत गर्ने हो भने जब नेकपा (एकीकृत समाजवादी) गठन भएपछिको पहिलो महाधिवेशनलाई दशौं भन्दैछौं भने यो पार्टीले प्रथमदेखि नवौं महाधिवेशन र आफ्नो इतिहास कुनलाई मानेको छ सजिलै बुझ्न सकिन्छ ।

खासमा कानुनी रुपमा नेकपा (एकीकृत समाजवादी) नयाँ पार्टी भएपनि यथार्थमा पुष्पलाल लगायतका अग्रजहरुले वि. सं. २००६ सालमा स्थापना गर्न'भएको नेकपासहित नेकपा (एमाले) र यो धारमा समाहित

अनेक कम्युनिष्ट पार्टीहरुको अविच्छिन्नता हो, उत्तराधिकारी हो । त्यसैले ती पार्टीहरुको इतिहास हाम्रो हो, त्याग, बलिदान, उपलब्धि, सफलता, असफलता, निर्णयहरु जम्मै हाम्रा हुन् । अझ त्यसमा पनि नेकपा (एमाले) हामीले निर्माण गरेको पार्टी हो र हामीसहित सहभागी भएर गरिएका, हामी नेता भएर गरिएका निर्णयहरु हाम्रा होइनन् भन्नु नैतिकता पनि हुँदैन ।

यदि, पूर्व निर्णयहरुको इतिहासको विरासतको जिम्मा नलिने हो भने हाम्रो पार्टीको इतिहास अपूर्ण हुनेमात्र होइन हामी प्रत्येक व्यक्तिको इतिहास र योगदान पनि हराएर जानेछ, खुँडे देखिनेछ । राजा, राणा, पञ्चायत सामन्तवाद समाप्त पारेको इतिहास र उपलब्धिमा समेत हामीले हक दाबी गर्न मिल्ने छैन ।

नेकपा (एमाले) मा हुँदा हामीले प्रदेशको नाम पहिचानसहितको हुनुपर्ने सैद्धान्तिक निर्णयमात्र गरेको थिएनौं, त्यसको अन्तरवस्तु के हो भन्ने पनि प्रष्ट पारेका थियौं । अथवा पहिचानसहितको नाम राख्ने भनेको मुलतः सभ्यता, संस्कृति, मानव समुदाय, भाषाजस्ता पहिचान खुलाउने, जोड्ने कुरा नै हो । भुगोल प्राकृतिक सम्पदाहरुको पहिचान जोड्ने कुरा दोश्रो हो भन्ने कुरा प्रष्ट पारेका थियौं । यसअनुसारको नाम विभिन्न समय सन्दर्भमा प्रस्तुत गर्ने, सुझावको रुपमा सार्वजनिक गर्ने, निर्णायक निकायमा पेश गर्ने काम समेत गरेका थियौं । जस्तो किः

क) नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशन (वि सं २०७१ असार १९-साउन १) बाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'बहुपहिचान सहितको संघीय प्रदेशहरुको निर्माण गरिनेछ र अधिकार सम्पन्न तथा स्वायत्त स्थानीय सरकारको...................।'

ख) संविधानसभा निर्वाचन (वि सं २०६४ चैत्र २८) नेकपा (एमाले) को घोषणापत्रमा भनिएको छ, 'त्यस्ता संघीय इकाईहरुको नामकरण उनीहरुको जातीय, भाषिक, साँस्कृतिक पहिचान खुल्ने हिसाबले गरिनेछ।'............(पेज २० बुँदा १ शिर्षक संघीय संरचना र शासन प्रणाली)

ग)  संविधानसभाको निर्वाचन २०७०, नेकपा (एमाले) को घोषणा पत्रमा भनिएको छ, 'बहुपहिचान सहितको सातवटा संघीय प्रदेशहरु हुनेछन् ।' ........(पेज २३ शिर्षक बहुपहिचान सहितको संघीयता)

घ)  संविधान सभाको राज्यको पुनः संरचना तथा राज्य शक्तिको बाँडफाँट समितिद्वारा पार्टीको सुझाव माग गर्रिंदा नेकपा (एमाले) को संसदीय दलको तर्फबाट लिम्बूवान, किराँत, सुनकोशी, ताम्सालिङ, नेवाः, गण्डकी, तमुवान, मगरात, कर्णाली, खप्तड, विराट, मिथिला, भोजपुरा, लुम्बिनी र थरुहट नामका १५ वटा प्रदेशहरु बनाइनुपर्ने सुझाव पेश गरिएको थियो । यस्ता सुझाव तयार गर्दा पार्टी र संसदीय दल दुवैमा प्रशस्त छलफल गरिएको थियो ।

माथिका बाहेक पनि नेकपा (एमाले) बाट अन्य निर्णयहरु पनि भएका छन् र एमालेको प्रकाशनहरुमा छापिएका पनि छन्, सर्क'लरको रुपमा जारी भएका पनि छन् । तर, ती सबैलाई यहाँ राख्न सम्भव र जरुरी नभएकाले राखिएको छैन, आवश्यक परे सहजै उपलब्ध गराउन सकिनेछ ।

यी निर्णयहरुका सन्दर्भमा दुई वटा कुरा बहुतै स्मरणीय छः

एक, नेकपा (एमाले)को नवौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन पार्टी अध्यक्षको रुपमा कमरेड झलनाथ खनालद्वारा प्रस्तुत गरिएको थियो र संविधानसभा २०७० को नेकपा (एमाले) को चुनावी घोषणापत्र जारी हुँदा कमरेड झलनाथ खनाल नै नेकपा (एमाले) को अध्यक्ष हुनुहुन्थ्यो । त्यसैगरी संविधानसभा २०६४ को नेकपा (एमाले) को चुनावी घोषणापत्र जारी हुँदा नेकपा (एमाले)को अध्यक्ष कमरेड माधवकुमार नेपाल हुनुहुन्थ्यो ।

दुई, पहिचानलगायत कतिपय विषयमा विवाद उत्पन्न भएको कारण अशोक राईसहितका नेताहरु नेकपा (एमाले) बाट बाहिरिएपछि नेकपा (एमाले) मा पहिचानको आवाज मत्थर भएको थियो । त्यस्तो अवस्थामा कमरेड माधवकुमार नेपाल, कमरेड झलनाथ खनाल नेतृत्वको नेकपा (एमाले) आफैंले पहिचानको पक्षमा निर्णय गरेको थियो, पार्टीभित्र कसैले माग नगरिकनै ।

प्रदेशहरुको नाम पहिचानसहितको हुनुपर्छ भन्ने घोषणा पत्र, आवाज बोकेरै धेरैवटा चुनाव हामीले लड्यौं, चुनाव जितेर सांसद मन्त्री भयौं मात्र होइन हाम्रा आदरणीय नेता माधवकुमार नेपाल र झलनाथ खनाल प्रधानमन्त्रीसमेत बन्नु भयो । यी सबै पृष्ठभूमिमा अब आएर पहिचानको विपक्षमा उभिनु अनौतिक हुनेछ, बोलीको ठेगान नभएको काम हुनेछ ।

पूर्वनिर्णयको प्रसंग एउटा भयो तर पूर्वनिर्णय भएको कारणले मात्र होइन पूर्वनिर्णय एकदम सही भएको कारणले हाम्रो पार्टी पहिचानको पक्षमा अझै पनि उभिनुपर्छ भनिएको हो । पूर्वनिर्णय किन सही छ वा पहिचानको नाम किन सही छ भन्ने विषयमा प्रशस्त तर्क गर्न सकिन्छ, तीमध्ये केहीलाई यहाँ राखिएको छः

ठाउँ, गाउँ, हिमाल, पहाड, खोला नदी आदिको नाम दिमाग लगाएर/जुराएर राखिने विषय होइन बरु कुनै विशेषताको आधारमा या कुनै साइनो सम्बन्ध जोडिएर नाम रहने गर्छ वा राखिने गरिन्छ । त्यस कारणले प्रदेशहरुको नाम पनि मानिसहरुको पहिचान, उनीहरुले निर्माण गरेको सभ्यता, भाषा, संस्कृतिको पहिचानको आधारमा वा पहिचान जोडिने गरी नामकरण गरौं भनिएको हो ।

नेपालमा मानिसहरु बाहिरबाट आए/अलि अगाडि आउनेहरु जात/वंश समेतको पहिचानविना आए र यहीँ आएर निश्चित भाषा धर्म, संस्कृति निर्माण गर्दै आफ्नै पहिचान निर्माण गरे र कोही अलि पछि आउनेहरु बाहिरै पहिचान निर्माण गरेर पहिचानसहितै आए । तर, पनि निश्चित भूगोल/क्षेत्रमा बसेर संघर्ष गरे, सभ्यता निर्माण गरे । अनेक बलिदान गरेर भूमिलाई उब्जाउ योग्य, बस्न योग्य बनाएर खाने, लाउने र बस्ने कुरादेखि औषधि, उपचार, ज्ञान हस्तान्तरणको तरिका पत्ता लाए । भाषा, धर्म, संस्कृति निर्माण गरे, गीत संगीत बाजा निर्माण आदी जाने । अर्को हिसाबले भन्नु पर्दा, दुःख, संघर्ष र बलिदान गरेर मानिसहरुको अस्तित्व जोगाए । त्यसैले उनीहरुको सम्मान र सम्झनामा प्रदेशहरुको नाम उनीहरुको पहिचान, उनीहरुले निर्माण गरेको सभ्यताको पहिचान जोडेर राखौ भनिएको हो । यो कुरा विल्कुल सही छ ।

विगतमा विभिन्न क्षेत्रलाई खस, लिम्बूवान, किराँत, मगरात, तमुवान, नेवाः आदि भनिने गरिएको थियो मात्र होइन अड्डा अदालतका कागजपत्र, सरकारी लिखित्, रेकर्ड, साहित्य सिर्जना आदिमा पनि प्रयोगमा ल्याइएकै थियो । पहिला प्रचलन/प्रयोगमा आएको नामलाई पुनः  माग गरिनुलाई अनुचित भन्न मिल्दैन ।

अर्को ज्यादै महत्वपूर्ण कुरा शान्तिविना प्रगति, विकास, सम्भव छैन । पहिचानको नाम राख्दा शान्ति हुन्छ नराख्दा अशान्ति । प्रदेशको नामकरणको विषयलाई लिएर मधेश प्रदेशबाहेक सबै प्रदेशमा असन्तुष्टि छ । त्यस्तो असन्तुष्टि कतिपय प्रदेशमा आक्रोश र आन्दोलनको रुपमा प्रकट भइरहेको/हुन थालिरहेको छ भने कतिपय प्रदेशमा विष्फोटअघिको ज्वालामुखीको लाभाजस्तो भित्रभित्रै सलबलाइरहेको छ, भविष्यमा के हुन्छ भन्न सकिन्न । आन्दोलनको दौरानमा एकजनाले युवाले सहादत प्राप्त गरिसकेको पनि छ ।

जनता असन्तुष्टिको अर्को खतरनाक पाटो पनि छ । जनता असन्तुष्ट भए भने अलगावको स्थितिमा पुग्दछन् । राजनीति शास्त्रको व्याख्या र सिद्धान्त अनुसार जनता अलगावमा पुगे भने त्यो देशको दुर्दशा शुरु हुन्छ । जनता पलायन हुन थाल्छन्, राज्यलाई असहयोग गर्ने गर्छन्, राज्यले अघि बढाएका गतिविधिमा भाग लिँदैनन् । राज्य, व्यवस्था, राजनीति, पार्टी, नेता सबैलाई घृणा गर्न थाल्छन् । यस्ता कुरा देश र सबै जनताको लागि घातक हुनसक्छ । कारण जे सुकै होस्, पहिचानवादीहरु आम रुपमा गणतन्त्र र संघीयताको पक्षमा छन् । यस्तो समुदाय राज्य र व्यवस्थाप्रति असन्तुष्ट हुनु निश्चय पनि राम्रो कुरा होइन । अहिले झन् व्यवस्थाप्रति आक्रामक भइरहेको प्रतिगामी आवाज र गतिविधि बढिरहेको सन्दर्भमा पहिचानवादी समुदाय अलगावमा पुग्नु, राज्य र व्यवस्थाप्रति असन्तुष्ट र आक्रोशित हुनु निश्चय पनि शुभ होइन ।

पहिचानको पक्षमा व्यापक जनसमर्थन पनि छ । यस्तो भनिरहँदा चिनावको कुरा झिक्ने गरिन्छ। पहिचानको पक्षमा जनसमर्थन भए चुनावमा पहिचानवादी पार्टी/उम्मेदवारहरुले किन चुनाव जित्दैन त ? यस्तो हुनुको कारण अनेक छन्ः

पहिलो, चुनाव चाहे संसदीय होस् चाहे स्थानीय, पहिचानको पक्ष र विपक्षको जनमत संग्रह नभएको कारणले कित्ताकाट भएर मतदान हुँदैन।

दोश्रो, पहिचानविरोधी पार्टी/उम्मेदवारहरुले कहिले पनि हामी पहिचानविरोधी हौं भनेर भोट माग्दैन । बरु उल्टो हामी पनि पहिचानको पक्षमा छौ, पहिचानवादी नै हौ भन्दै भोट माग्दछन्, जनतालाई भ्रम पार्छन् र पहिचानवादी जनताको भोट चोर्छन् ।

तेश्रो, पार्टीहरुमा भएका पहिचानवादीहरुले पार्टीकै उम्मेदवारको पक्षमा भोट हाल्छन् । छर्लङ्गै छ, हरेक पार्टीमा उल्लेख्य मात्रामा पहिचानवादी नेता कार्यकर्ताहरु छन् । तर, चुनावको बेला पार्टीको उम्मेद्वारलाई भोट हाल्न, जिताउन लागि पर्न' उनीहरुको कर्तव्य बन्छ, पार्टीको निर्देशन त्यस्तै हुन्छ, उनीहरुमा पार्टीको माया हुन्छ, त्यसैले पार्टीमा रहेका पहिचानवादीले चुनावको बेला पहिचानको पक्षमा लाग्न सक्दैनन्, पहिचानवादी पार्टी र उम्मेदवारलाई भोट हाल्दैनन् ।

चौथो, पहिचानवादी पार्टीहरु चुनाव लड्ने प्रकृतिको वा राजनैतिक पार्टीहरु जस्तो होइन । आवाज उठाउने, अभियान सञ्चालन गर्ने र परेको बेला आन्दोलन अगाडि बढाउने प्रकृतिका पार्टीहरु हुन् । चुनाव नलड्ने प्रकृतिको पार्टी, संघ, संगठनहरुको सांगठानिक सन्जाल सबैतिर, तलैसम्म बनाइएका हुँदैन, व्यापकतम् कार्यकर्ता, सदस्यहरुको पंक्ति तयार गर्ने, परिचालन गर्ने गरिन्न । त्यसो भएकोले चुनावी अभियान, प्रतिस्पर्धामा उनीहरुलाई गाऱ्हो हुन्छ ।

पाँचौ, पार्टी संलग्नता, विकास निर्माण, अन्य कतिपय कामको अपेक्षासँग जोडिएर पहिचान पक्षधर मत पनि अन्यत्र जान सक्छ तर गैरपहिचानवादी मत पहिचान पक्षधरकोमा आउँदैन ।

हुनतः पहिचानको माग/दाबी आफैँ चुनाव जितेर पूरा गरिनुपर्ने विषय होइन, हरेक माग राख्नेहरुले नै चुनाव जितेर पूरा गर्न'पर्छ भन्ने हो भने राउटे, चेपाङ, दलित, महिला, गरिब, मजदुर, किसान, कर्मचारी, सेना, प्रहरी, सम्मले आफ्ना माग, समस्या हल गर्न चुनाव लड्नुपर्ने, जित्नुपर्ने भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ । चुनाव लड्ने सरकार बनाउने, चलाउने काम राजनीतिक पार्टीहरुको मात्र हो र राजनीति पार्टीहरुले नै जनताका हरेक न्यायपूर्ण माग/दाबीहरु पूरा गरिदिनुपर्ने हुन्छ ।

व्यक्ति छनौट गर्ने चुनावको परिणामकै आधारमा नै कुनै मुद्दा, विषय अनुमोदन भएको कि नभएको भनेर निष्कर्ष निकाल्ने हो भने पहिलादेखि नै बेस्सरी चुनाव जित्ने पार्टीहरुले अनेकौ जनघाती, राष्ट्रघाती कामहरु गरेका छन्, ती पार्टीका नेताहरु अनेकौं ठूला भ्रष्टाचारका कान्डमा फसेका छन्, चुनाव जित्दै आएको ती पार्टीहरुले वा त्यस पार्टीका नेता, कार्यकर्ताहरुले गरेका राष्ट्रघाती, जनघाती, भ्रष्टाचारका कामहरु अनुमोदित भएको निष्कर्ष निकाल्ने त ?

अन्त्यमा, यस विषयको अर्को पाटोबाट पनि छलफल गर्न सकिन्छ । पहिचानको नाम नराख्दा अशान्ति हुन्छ, जनता असन्तुष्ट हुन्छन्, अनेक समस्या आउँछ आदि भनियो । अब पहिचानको नाम राख्दा चाहिँ घाटा पो हुन्छ कि ? समस्या पो हुन्छ कि ? भनेर सोच्ने हो भने केही घाटा र समस्या हुनेवाला छैन र भएन पनि भन्ने कुरा मधेश प्रदेश र स्थानीय निकायको नामाकरणबाट पुष्टि भइसकेको छ । पहिचानको विपक्षमा रहेका देशका ठूला नेता/ठूला पार्टीहरुले मधेश प्रदेश नाम राख्दा महासंकट नै आउला जस्तो, मधेश प्रदेश छुट्टिएर अलग भइहाल्छ जस्तो गरेका थिए तर केही भएन, भइरहेको छैन, हुने संकेत पनि देखिएको छैन । त्यसैगरी स्थानीय निकायको नाम अधिकांश त पहिचानवाला छ, जस्तै महाकुलुङ, थुलुङ, दुधकोशी, आठराई आदि तर केही समस्या आएन, आएको छैन ।

## ४) के २०६२/०६३ को परिवर्तन जनवादी क्रान्ति हो ?

२०६२/०६३ को परिवर्तनलाई हेर्ने दृष्टिकोण वा त्यसको मूल्यांकन गर्ने सन्दर्भमा हाम्रा नेताहरु/पार्टी भयंकर ठूलो अलमल/विरोधाभासमा परेको देखिन्छ । यस कुराको साक्षी/प्रमाण महाधिवेशनका दस्ताबेजहरु छन् । जस्तैः

पार्टी अध्यक्षको रुपमा कमरेड झलनाथ खनालले प्रस्तुत गर्न' भई आठौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ.... तर सन् २००६ को (२००६ भनेको वि.सं. २०६३ हो लेखक) शान्तिपूर्ण जनक्रान्तिले नेपाली शासन व्यवस्थाबाट मात्र होइन राज्य व्यवस्थाबाट पनि सामन्ती वर्गलाई नेतृत्वबाट वञ्चित गरेको छ । यद्यपि सामन्त वर्ग उन्मुलन भएको छैन, त्यसको भूमिका पनि समाप्त भएको छैन । तर, त्यसको राजनितिक नेतृत्व समाप्त भएकोले मुलुकमा सामन्तवाद र सामन्त वर्गलाई उन्मूलन गर्ने अत्यन्त राम्रो सम्भावना पैदा भएको छ, नेपाल कम्युनिष्ट पार्टी दस्तावेज संग्रह भाग ५ पेज १५२ प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान) यसै अनुसारको प्रधान राजनीतिक अन्तरविरोध आदिको टुङ्गो लागाइएको छ । जनक्रान्तिमात्र भनिएको छ, त्यसको चरित्र निर्धारण गरिएको छैन ।

कमरेड झलनाथ खनालले नै पार्टी अध्यक्षको रुपमा प्रस्तुत र ९ औं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा स्पस्ट रुपमा २०६२/०६३ को परिवर्तनलाई नयाँ जनवादी क्रान्ति भनिएको छ। सो प्रतिवेदनमा भनिएको छ - त्यसैले यो क्रान्ति नेपालको विशिष्ट परिस्थितिमा सम्पन्न भएको नयाँ खाले पूँजीवादी जनवादी क्रान्ति नै हो । (नेपाल कम्युनिष्ट पार्टी दस्तावेज संग्रह भाग - ५ पेज ४०४ प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान)

अहिले दशौं महाधिवेशनमा प्रस्तुत हुने/गरिएको मस्यौदा दस्तावेजहरुमा धेरै ठाँउमा नै २०६२/०६३ को परिवर्तनलाई नेपाली विशेषताको नौलो जनवादी क्रान्ति/जनताको बहुदलीय क्रान्ति भनिएको छ ।

०६२/०६३ को राजनीतिक घटना र परिवर्तनलाई मूल्यांकन गर्ने सम्बन्धमा हाम्रो विरोधाभास आठौं राष्ट्रिय महाधिवेशन र नवौं राष्ट्रिय महाधिवेशनबाट पारित तथा दशौ राष्ट्रिय महाधिवेशनमा प्रस्तावित दस्ताबेजहरुले नै प्रष्ट पारेको छ । तर, ती विरोधाभासको कुरालाई छाडेर पछिल्लो निष्कर्ष र प्रस्तावलाई आधिकारिक मानेर छलफल गर्न' उचित हुन्छ ।

कुन राजनीतिक घटनाक्रम, क्रान्ति/परिवर्तन कस्तो हो वा त्यसको चरित्र के हो ? भन्ने कुराको मूल्यांकन र फैसला मनोगत आधारमा हुन सक्दैन, वस्तुगत आधारमा मात्र हुन सक्छ । यस आधारमा भन्ने हो भने हिजोका दिनमा हाम्रा अग्रजहरुले/हाम्रा पार्टीले/कम्युनिष्ट सिद्धान्तले नौलो जनवादी क्रान्तिको सन्दर्भमा जे जस्ता शर्तहरु निर्क्यौल गरेर अगाडि सारेका थिए ती कुनै पनि शर्त ०६२/०६३ को राजनीतिक घटना र परिवर्तनले पूरा गरेको छैन भने त्यसलाई कसरी नौलो जनवादी क्रान्ति मान्न सकिन्छ ?

जननेता मदन भण्डारीले बहुदलीय जनवादबारे केही कुरा नामको आफ्नो पुस्तकमा नयाँ जनवादी क्रान्ति पूरानो जनवादी क्रान्ति भन्दा कसरी भिन्न हुन्छ भन्ने कुरा यसरी देखाउनु भएको छः

अहिलेको हाम्रो क्रान्ति पनि राष्ट्रिय पूँजीवादी जनवादी क्रान्ति नै हो । तर, यो पुरानो खालको छैन, नयाँ खालको छ । यस बेला गरिरहेको हुनाले यो नयाँ भएको होइन । पुरानो पूँजीवादी क्रान्तिभन्दा यस पूँजीवादी जनवादी क्रान्तिमा निर्णायक महत्व राख्ने केही नयाँ कुरा र नयाँ विषय वस्तुहरु छन् । तिनीहरु हुन्ः

**एक** – साम्राज्यवाद तथा दलाल नोकरशाही पूँजीवादी नयाँ पूँजीवादी जनवादी क्रान्तिको शत्रुको रुपमा उपस्थित छन् । यो एउटा महत्वपूर्ण नयाँ विषय हो ।

**दुई** – साम्राज्यवाद तथा दलाल नोकरशाही पूँजीवाद, पूँजीवादकै एउटा विशिष्ट रुप भएको हुनाले तिनीहरुको विरुद्ध क्रान्तिको नेतृत्व पूरानो पूँजीवादी जनवादी क्रान्तिमा जस्तो पूँजीपति वर्गले गर्न सक्दैन । सामन्तवाद,

दलाल-नोकरशाही पूँजीवाद र साम्राज्यवाद विरोधी यो क्रान्तिको नेतृत्व सर्वहारा श्रमजिवी वर्गले मात्र गर्न सक्छ । यो अझै अर्को महत्वपूर्ण नयाँ विषय हो ।

**तीन–** यस क्रान्तिले पूरानो जनवादी क्रान्तिले जस्तो पूँजीपति वर्गको अधिनायकत्वको स्थापना गर्दैन बरु सामन्तवाद साम्राज्यवादविरोधी सम्पूर्ण वर्ग, तहका जनताको संयुक्त जनवादी अधिनायकत्वको स्थापना गर्छ । यो अझै अर्को महत्वपूर्ण नयाँ विषय वस्तु हो ।

**चार–** यसबाहेक क्रान्तिपछि स्थापित नयाँ समाज व्यवस्थाले एकाधिकारी पूँजीवाद तथा साम्राज्यवादतर्फ होइन यसको विरुद्ध समाजवादतर्फ संक्रमण गर्ने विकासको कार्य दिशा अपनाउँछ । यो पनि अर्को नयाँ विषय वस्तु हो ।

यसरी पुरानो पूँजीवादी जनवादमा भन्दा नयाँ जनवादमा क्रान्तिको शत्रु, क्रान्तिको नेतृत्व, क्रान्तिपछि स्थापित हुने अधिनायकत्व वा राज्य व्यवस्था र समाजको विकासको दिशाजस्ता निर्णायक महत्व राख्ने चारवटा मूल कुराहरु नयाँ छन् । त्यसकारण यो नयाँ खालको पूँजीवादी जनवादी क्रान्ति हो । नयाँ जनवादलाई, नयाँ जनवाद बनाउने आधारभूत तत्वहरु यिनै हुन् । यी सबै कुराहरु नयाँ जनवादी क्रान्तिका अनिवार्य विषय वस्तुहरु हुन् ।

सही विश्लेषण गर्ने हो भने कमरेड मदन भण्डारीले प्रस्तुत गर्न' भएको ४ वटै शर्तहरु ०६२/०६३ को राजनीतिक घटना र परिवर्तनले पूरा गरेको छैन । कसरी भने सम्राज्यवादी हस्तक्षेप र प्रभाव उस्तै छ, अझ परिवर्तनपछि दलाल पूँजीवादीको हातमा सत्ता नै गयो भने तिनीहरु कसरी शत्रुको रुपमा उपस्थित भए र तिनीहरु विरुद्ध कसरी लड्यो र ? ०६२/०६३ मा पूँजीवादी वर्गको प्रतिनिधिहरुसँगै मिलेर संघर्ष गरेको कुरा त हामीले स्वीकारेकै छौं भने माथि उल्लेखित दोश्रो शर्त पनि पूरा भएन र सर्वाधिक महत्वपूर्ण कुरा २०६२/०६३ को परिवर्तनपछि सत्ता सर्वहारा श्रमजीवी वर्गको सरलमा भन्नु पर्दा आधारभूत आम जनताको हातमा आउनुको सट्टा शोषक वर्गकै वा दलाल पूँजीपति वर्गको  हातमा गयो र त्यसपछिको व्यवस्था

जुन हामीले भागिरहेका छौं, समाजवादतर्फ संक्रमण गर्ने बन्दोबस्ती कहिँ कतै भएको छैन ।

अब माओले सारेका शर्तहरु पूरा भयो कि भएन भनेर हेरौं । माओले प्रतिकारात्मक रुपमा भन्नु भएको थियो, नौलो जनवादी क्रान्तिका दुई कार्यभार हुनेछन्, एक साम्राज्यवादका पहाड हटाउने, दुई सामन्तवादको पहाड हटाउने ।

माथि नै चर्चा गरियो साम्राज्यवादको पहाड जस्ताको तस्तै छ, १८१६ को सुगौली सन्धिदेखि नै नेपाललाई अर्ध औपनिवेशिक बनाउन शुरु गरियो भनेर स्वीकार्दै आएका थियौं । त्यस यता सन् १९५० को नेपाल भारतमैत्री सन्धिसहित अनेकौ असमान सन्धिहरु भए त्यस्ता सन्धिहरु थपिँदै छन्, भूमि अतिक्रमण भइरहेको छ, सीमा स्तम्भहरु सारिँदै छन, ऋण, अनुदान आदी प्राप्त गर्न अनेकौ राष्ट्रहितविरोधी शर्तहरु स्वीकार्दै छौं, कतिपय वित्तीय व्यापारिक संघ/संस्थाहरुको शर्तहरु मान्नै पर्ने बाध्यात्मक खालको छ, राजनीतिमा विदेशीहरुको चासो र हस्तक्षप बढ्दो छ । यी सबै पृष्ठभूमिमा २०६२/०६३ को परिवर्तन साम्राज्यवादी पहाड हटाएको मान्न सकिन्न ।

नेपाली समाज सामन्ती/अर्ध सामन्ती नरहेको पूँजीवादी चरणमा प्रवेश गरेको साँचो हो तर ०६२/०६२ को आन्दोलनको धक्काले होइन । ०६२/०६३ को परिवर्तनले सामन्तिहरुको रौंसम्म उखेल्ने काम गरेन । कुनै पनि सामन्तीको एक चपरी जग्गा खोसेन, न कसैलाई कारबाही गर्‍यो, न किसानका माग पूरा भए आदी ।

सामन्तीहरु आरामले आफ्नै पाराले पूँजीपति, दलाल पुँजीपति वर्गको रुपमा सिफ्ट भए, हुँदै आएका थिए । खासगरी बारम्बार चलिरहने क्रान्तिकारी भूमि सुधारको माग/आवाज, किसान, आन्दोलनहरु, कम्युनिष्टहरुको बढ्दो प्रभाव आदि कारणले सामन्तीहरु आफैंले बढी जग्गा जमिन मास्दै/बेच्दै पूँजी अन्यत्र सारे/लगानी गरे, अर्कोतिर भूमिको माध्यमबाट प्राप्त हुने लाभ/आम्दानीभन्दा पूँजीवादी लगानीबाट बढी हुने अवस्था निर्माण हुँदै गएको कारणले पनि सामन्तीहरुले जग्गा जमिन बेचेर पूँजीवादी लगानीतिरै पूँजी सिफ्ट गरे ।

खासमा हाम्रा पूर्व मान्यताअनुसार भन्ने हो भने ०६२/०६३ को परिवर्तनलाई नौलो जनवादी क्रान्तिको त कुरै छोडौं पुरानो खालको जनवादी क्रान्ति पनि भन्न सकिँदैन । किनकि पुरानो खालको पूँजीवादी जनवादी क्रान्ति सम्पन्न हुने हो भने सामन्तवाद/ सामन्तीसँग लड्ने उत्पादनमा लागेको राष्ट्रिय पूँजीपति वर्ग/प्रगतिशील पूँजीपति वर्गको हातमा सत्ता जान्थ्यो, त्यस्तो पूँजीपति वर्गको उपस्थिति हुनुपर्थ्यो त्यस्तो भएन, त्यस्तो वर्ग छैन । त्यसैले त भनिरहेका छौं सत्ता दलाल पूँजीपति वर्गको हातमा, राष्ट्रिय पूँजीको / उत्पादक पूँजीको विकास गरिनुपर्छ ।

राजतन्त्र समाप्त भएको, राजाको केही सम्पत्ति खोसिएको आधारमा ०६२/०६३ को परिवर्तनलाई पूँजीवादी जनवादी क्रान्ति मानिएको हो भने वा कुनै पनि राजनीतिक परिवर्तनले राजा हटाउँछ कि राख्छ भन्ने आधारमा त्यसलाई पूँजीवादी क्रान्ति मान्ने कि नमान्ने भनेर निष्कर्ष निकाल्ने हो सन् १६८८ मा बेलायतमा भएको गौरवमय क्रान्तिलाई पूँजीवादी क्रान्ति भन्न नसकिने र सन् १९५९ मा गणतान्त्रिक संविधान बनेकै बेला भारतमा पूँजीवादी क्रान्ति सम्पन्न भयो भारत पूँजीवादी चरणमा प्रवेश गऱ्यो भनेर मान्नुपर्ने हुन्छ । यस्तो निष्कर्ष गलत हो ।

कमरेडहरुले सन् १९१७ को फेब्रुअरी क्रान्तिको उदाहरण दिनुहुन्छ । एकाधिकारी पूँजीवादमा विकास भइसकेको, ठीक आठ महिनापछि १९१७ को अक्टोबरमा समाजवादी क्रान्ति हुने खालको उत्पादन सम्बन्ध/उत्पादन शक्तिको विकास भइसकेको मुलूकमा ८ महीनाअघि नौलो जनवादी क्रान्ति भएको मान्न सकिन्छ ? लेनिनले भनेको भन्दैमा यस्तो कुरा पनि हामीले मानिदिनुपर्ने ?

## ५) वर्तमान व्यवस्था जनताको बहुदलीय जनवाद होइन

मस्यौदा दस्ताबेजहरुको नेपाली विशेषताको समाजवादी कार्यक्रम खण्डको पेज नं ८८ को दोश्रो प्याराग्राफमा स्पष्टरुपले वर्तमान व्यवस्थालाई बहुदलीय जनवादी भनिएको छ । त्यहाँ भनिएको छ......समाजवादी मुलुकबाहेक अन्य सबै मुलुकहरुमा स्थापित पूँजिवादी लोकतन्त्रहरु बहुदलीय लोकतन्त्र वा बहुदलीय जनवादका रुपमा स्थापित भएका छन् । केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत र वितरित नेपाली विशेषताको समाजवादी कार्यक्रमको मस्यौदाको पेज ९ मा ०६२/०६३ को क्रान्तिले ल्याएको परिवर्तनहरु शीर्षकको अन्तिमबाट दोश्रो बुँदामा यही कुरामा झन् स्पस्टसँग लेखिएको छ यही नै बहुदलीय लोकतन्त्र वा बहुदलीय जनवाद हो ।

अहिलेको व्यवस्थालाई नै बहुदलीय जनवाद देख्नु यात अहिलेको व्यवस्थालाई बुझ्ने कुरामा गम्भीर भूल हो या बहुदलीय जनवादलाई बुझ्ने कुरामा भूल हो । जननेता मदन भण्डारी भन्नुहुन्छ- बहुदलीय व्यवस्था र बहुदलीय जनवादबीच कुनै भेद नदेख्नु क्रान्तिकारी दृष्टिकोणलाई त्यागेर सुधारवादमा फस्नु हो ।

पूँजीवादी बहुदलीय लोकतन्त्र र जनताको बहुदलीय जनवाद एउटै होइनन् । जनताको बहुदलीय जनवाद त्यो व्यवस्था हो जहाँ राज्य सत्ता सर्वहारा श्रमजीवी वर्गहरुको हातमा आएको हुन्छ र सो व्यवस्था एकातिर पूँजीवादविरोधी साम्राज्यवादी हुन्छ र सो व्यवस्था एर्कोतिर पूँजीवाद साम्राज्यवादतर्फ होइन समाजवादतर्फ संक्रमण गर्ने विकासको कार्यदिशा अपनाउछ (कमरेड मदन भण्डारी, संकलित रचना १८१) अहिलेको व्यवस्था न सर्वहारा श्रमजीवी वर्गको हातमा राज्य सत्ता आएको छ न यो व्यवस्थाले समाजवादतर्फ संक्रमण गर्ने कार्यदिशा लिएको छ ।

## ६) जबजको 'च्याप्टर क्लोज' भएको छैन

जनताको बहुदलीय जनवाद (जबज) सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद, साम्राज्यवादविरोधी नेपाली क्रान्तिको कार्यक्रम हो । नेपाली समाज सामन्तवादबाट अगाडि बढेर पूँजीवादमा प्रवेश गरेको कारणले क्रान्तिको कार्यक्रमको रुपमा चाहिँ जबजको च्याप्टर क्लोज भयो आम रुपमा । तर, जनताको बहुदलीय क्रान्ति नभईकन नेपाली समाज सामन्तवादबाट पूँजीवादी चरणमा प्रवेश गरेको कारणले जबजका कतिपय कार्यक्रमहरु पूरा हुन सकेनन, तर पनि अब हामी पूँजीवादी क्रान्तिको चरणमा छैनौ, समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छौ । त्यसैले अब हाम्रो क्रान्तिको कार्यक्रम समाजवादी हुनेछ, जबजका अधुरा प्रासाँगिक कार्यक्रमहरु समाजवादी क्रान्तिका अंगका रुपमा जोडिएर जानेछ । यति कुरामा कसैले हाम्रा पार्टी भित्र विमति राखेको छैन । तर, पनि कतिपयले जबज छाड्न जचाहेको भन्नेजस्ता दुस्प्रचार पनि हुने गरेको छ बेलाबखत ।

क्रान्तिको कार्यक्रमको रुपमा जबजको च्याप्टर क्लोज भन्न सकिए पनि जबजले अघि सारेका वा आत्मसाथ गरेका कतिपय यस्ता विशेषता/मान्यताहरु छन जसको औचित्यता अझै छ, त्यसैले जबजको पूरै च्याप्टर क्लोज भएको मान्न सकिन्न । यसबारे केही छलफल गरौः

क) जबजले अगाडि सारेको सर्वाधिक महत्वपूर्ण मान्यतामध्ये क्रान्तिको विजयपछि प्राप्त हुने जनताको बहुदलीय जानवादी व्यवस्थामा मात्र होइन वर्गहरुको समूल अन्त्य नभएको समाजवादको प्रारम्भिक अवस्थामा समेत बहुदलीयता, बहुदलीय प्रतिस्पर्धात्मक प्राणाली रहने, अधिनायकत्व लादेर होइन प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर जनताको माया र विश्वास जितेर उनीहरुको साथ र सहयोगमा शासन चलाउने भन्ने हो ।

जबजको प्रतिपादन पूर्व, नौलो जनवादी व्यवस्था एकदलीय हुनेछ, अधिनायकत्व लादेर शासन गरिनेछ भन्ने मान्यता आमरुपमा स्थापित भएको विपरित जबजले त्यस्तो मान्यता सार्ने कुरा सामान्य थिएन। यस मान्यताको सान्दर्भिकता अझै सकिएको छैन । कमरेडहरुले अहिलेकै व्यवस्थालाई बहुदलीय जनवादी व्यवस्था मानेको हो भने त बहुदलीयता र बहुदलीय प्रतिस्पर्धा अहिले कार्यान्वयनमा या अभ्यासमा छ, त्यसको च्याप्टर क्लोज भएको छैन । अझ समाजवादको प्रारम्भिक चरणमा पनि बहुदलीयता र बहुदलीय प्रतिस्पर्धा रहनेछ भन्ने जबजको मान्यता भएकोले यदि जबजलाई स्वीकार्ने हो भने यो मान्यताको सान्दर्भिकता त अझै धेरै समय सम्म रहने देखिन्छ।

ख) जबजले अघि सारेको अर्को महत्वपूर्ण मान्यता शान्तिपूर्ण संघर्ष/क्रान्तिको मान्यता हो।

खासमा जबजको प्रतिपादनभन्दा पहिला कम्युनिष्ट क्रान्ति चाहे नौलो जनवादी होस् चाहे समाजवादी अनिवार्यरुपले हिंसात्मक हुन्छ मान्यता स्थापित थियो, शान्तिपूर्ण संघर्ष, क्रान्तिको अवधारणालाई संशोधनवादी/दक्षिणपन्थी रुपमा लिइने गरिन्थ्यो तर जबजले के मान्यता अघि सार्‍यो भने क्रान्ति/संघर्ष अनिवार्य रुपले हिंसात्मक, बल प्रयोगपूर्ण हुनुपर्छ भन्ने होइन, संघर्ष/क्रान्ति कस्तो हुने भन्ने कुरा तत्कालीन परिस्थितिमा निर्भर गर्ने कुरा हो अथवा शत्रु पक्ष/सत्तापक्ष हिंसात्मक ढंगले आउँछ भने त्यसलाई परास्त गर्न हिंसात्मक संघर्ष बाहेक अर्को विकल्प हुन सक्दैन तर सत्तापक्षले शान्तिपूर्ण ढंगले मुकाविला गर्ने तरिका अपनायो भने शान्तिपूर्ण रुपमा नै संघर्ष विकसित हुन सक्छ। हिंसात्मक संघर्ष सिद्धान्तको विषय होइन न रहरको विषय हुन सक्छ। सम्भावना भएसम्म संघर्ष शान्तिपूर्ण ढंगले अगाडि बढाइनुपर्छ आवश्यकता पर्यो भने मात्र बल प्रयोग गर्न'पर्छ।

संघर्ष/क्रान्तिसम्बन्धी उक्त अवधारणा जननेता मदन भण्डारीले नौलो जनवादी क्रान्तिको सन्दर्भमा अघि सार्न'भएको भएपनि यो आम क्रान्ति/संघर्षसँग सम्बन्धित सिद्धान्त/ मान्यता भएकोले अबको समाजवादी

क्रान्तिको हकमा पनि यो सिद्धान्त/मान्यता लागू हुन्छ किनकी समाजवादी व्यवस्था वा समाजवाद पनि कसैले किस्तीमा राखेर हामीलाई दिइने कुरा होइन अथक र कठिन संघर्षबाट मात्र प्राप्त गर्न सकिने व्यवस्था हो। त्यसैले अब समाजवादी क्रान्ति पनि हिंसात्मक हुने कि शान्तिपूर्ण हुने प्रश्न आउँछ नै, यस प्रश्नको उत्तर जबजको आलोकमा हामी सहजै दिन सक्छौ। सम्भावना रहेसम्म समाजवादी क्रान्ति पनि शान्तिपूर्ण ढंगले अघि बढ्नेछ/बढाइने छ र आवश्यक पर्दा बल प्रयोग/हिंसात्मक बाटो समात्न अनिवार्य हुनेछ।

ग) जबजका १४ वटा थप विशेषताहरु र जबजले विभिन्न विषय/शीर्षकमा अगाडि सारेका मान्यताहरु मध्ये अहिले पनि र अझै पनि धेरैको सान्दर्भिकता समाप्त भएको छैन, पढे हुन्छ।

## ७) त्यस्तो होइन यस्तो

क) पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीको राज्य विस्तार अभियानलाई नेपाल एकीकरण भनिएको छ (विभिन्न पेजमा) जो गलत छ। एकीकरण जबरजस्ती, सैन्य आक्रमण गरेर, कब्जा गरेर हुँदैन सहमति र शान्तिपूर्ण ढंगले हुन्छ।

ख) नेपालमा आर्यन, मंगोल, द्रविड, आष्ट्रिक प्रजातिका मूलबाट विकसित भएका १२६ जातिका जनता बसोबास गर्छन्, भनिएको छ (पेज ८१)- खस र मुस्लिम पनि थपिनुपर्ने, खस र आर्य दुबै युरोपबाट अघि बढेको र रुप रङ मिल्दोजुल्दो भए पनि उनीहरु अलग अलग मार्ग/यात्रा गर्दै अथवा खस ककेसस पर्वत (ककेसस भ्यालीमा केही समय बसेर) हुँदै र आर्य युराल पर्वत हुँदै गंगा मैदान/सिन्धु घाटीमा लामो समय बस्दै नेपालमा आइपुगेको हुनाले उनीहरुको धर्म, संस्कृति, संस्कार बिल्कुल अलग बन्न पुगेको थियो। पछि पृथ्वीनारायण शाहको पालादेखि एक भाषा धर्म, संस्कृति लाद्न थालेपछि खसहरुले पनि आर्य धर्म संस्कृति बाध्यताबस मान्दै जाँदा दुबैको उस्तै बन्न गयो। मुस्लिम त अलग हो भन्ने कुरा इतिहास, उनीहरुको रुप रङ्ग धर्म संस्कार आदिले प्रष्ट पारिहाल्छ।

ग) भीमसेन थापा, माथवरसिंह थापा जस्ताको निर्मम् हत्या लेखिएको छ (पेज ८४) भीमसेन थापाको हत्या हैन आत्महत्या हो ।

घ) कतिले अहिले पनि बहुदलीय जनवादलाई नै अहिले पनि लक्ष्य बनाएर हिँडिरहेका छन् भन्ने लेखिएको छ (पेज ९३) नेपालमा जबजलाई लक्ष्य बनाएर हिँड्ने कुनै पार्टी छैन । यो एमालेतिर लक्षित हो भने एमालेको राजनीतिक प्रतिवेदन/निर्णयबारे जानकारी नरहेको प्रष्ट हुन्छ। एमालेको प्रथम विधान महाधिवेशन (१५-१७ असोज २०७८) बाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ- वर्तमान युग समाजवादीको क्रान्तिको युग हो र जनवादी क्रान्ति पनि बृहतर अर्थमा समाजवादी क्रान्तिकै अङ्गका रुपमा रहेको यथार्थ हो । आज हामीले सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन समाजवादको आधार निर्माण गर्ने कार्यक्रम हो । (पेज १०३, १०४)

ङ) नेपालका अनेक सभ्यतामध्ये गुफा सभ्यतालाई पनि उल्लेख गरिएको छ । यो भनेको के ? गुफा सभ्यताले साँच्चै सभ्यताको मापदण्ड पूरा गर्छ ?

च) खानीहरुलाई जनताको हितमा उत्खनन् गर्न नसकिएको भन्ने लेखिएको छ (पेज ८२)

**एक** – जनताको हितमा उत्खनन् नभएको भनिँदा अरुको हितमा चाहिँ उत्खनन् भएको हो त ?

**दुई** – कहिल्यै उत्खनन् नगरिएको अर्थ लागेको छ, पहिले तामा/फलाम खानी उत्खनन् भई प्रयोगमा आएको तर पछि राणा शासकले बन्द गराएका हुन् ।

छ) अमेरिकी साम्राज्यवादी शासकहरुले नेपाललाई विभिन्न असमानजनक सम्झौता गर्न दबाब दिने, नेपाल हिन्द प्रशान्त रणनीतिको 'सदस्य राष्ट्र' भएको घोषणा गर्ने, कथित तिब्बती शरणार्थीहरुलाई 'परिचय पत्र' दिलाउन दबाब दिने, सैनिक सम्बन्ध विस्तार गर्न जोड दिने काम गरिरहेका छन् । यता भारतीय प्रभुत्ववादी शासकबाट नेपालका भूखण्डहरु कब्जा गर्ने,

नेपाली बजारमाथि एकाधिकार जमाउने नेपालमा अर्को छिमेकी चीनको लगानी देख्नै नसक्ने, नेपालसँगको सीमानामा एक पक्षीय ढंगले बाँध तटबन्धनहरु बाँधिरहने, विद्वत व्यक्तिहरुको समुह (Eminent Person Group) ले दिएको सहमतिपूर्ण प्रतिवेदनलाई बुझ्नसम्म नचाहने र उल्टै कथित विशाल भारतको नक्सा भारतीय संसद् भवनमा अंकित गर्नेजस्ता नेपालको हितविरोधी कार्यहरु भइरहेका छन् (पेज ९५) । यो भाषा कुटनीतिविहीन मात्र होइन अमर्यादितसम्म भन्न मिल्ने खालको भयो, सच्चाउनुपर्ने । त्यसमा पनि कथित भुटानी शरणार्थीहरुलाई 'परिचय पत्र' दिलाउन दबाब दिने, चीनको लगानी देख्नै नसक्ने विषय निकै सम्बेदनशील विषय हुन्, यसरी लेख्न मिल्दैन । प्रत्येक विषय/घटना उल्लेख गर्न'भन्दा प्रवृति उल्लेख गर्न'पर्छ ।

ज) एकातिर रुसी पूँजीवाद पनि एकाधिकारी पूँजीवादीको रुपमा विकास भइसकेको थियो । तर सामन्तवाद र राजतन्त्रलाई अन्त्य नगरी समाजवादी क्रान्तितर्फ अघि बढ्न सकिदैनथ्यो (पेज ८८) । यो त छक्क लाग्ने कुरा भयो । यो भनाईअनुसार त्यतिबेलाको रुसमा समाज विकासको दुई चरण (सामन्तवाद र पूँजीवाद) एकै पटक देखापरेको/खप्टिएको देखियो । एकाधिकार पूँजीवादको विकसित/माथील्लो अवस्था हो, त्यस्तो अवस्थामा सामन्तवाद कसरी वाँकी रहन्छ अथवा सामन्तवाद नै रहेको अवस्थामा पूँजीवाद एकाधिकारीसम्म कसरी विकास हुन्छ ? पूँजीवादको सामान्य प्रवेश हुन थालेपछिको समाजलाई अर्ध सामन्ती भनिन्छ भने पूँजीवाद एकाधिकारी चरणसम्म पुगेको समाजलाई कसरी सामन्तवादी भन्ने ?

खासमा विकासको दुईटा चरण कहिले पनि खप्टिन सक्दैन तर एउटा चरणमा दुई खाले उत्पादन सम्बन्ध देखापर्न सक्छ तर दुई मध्ये एक उत्पादन सम्बन्ध प्रभुत्वशाली हुन्छ अर्को सामान्य हुन्छ जुन उत्पादन सम्बन्ध प्रभुत्वशाली र त्यसै अनुसारमा समाजको चरित्र निर्माण हुन्छ ।

झ) पेज ९३ को एक ठाउँमा हिजो नयाँ जनवादी क्रान्ति काल खण्डमा

अघि सारिएको कुनै पनि रुपका कार्यक्रमहरु ऐतिहासिक रुपले पूराना भइसके भनिएको छ र फेरि पेज ९४ मा भनिएको छ, हिजो हामीले जनवादी क्रान्तिका क्रममा अघि सारिएको कार्यक्रमहरुका जुन अंश लागू भइसकेका छैनन् , तिनीहरु अब समाजवादी कार्यक्रमको अभिन्न अंग बन्छन र बनाउनुपर्छ (दुई उल्टो विचार) ।

ञ) पेज ९१ मा लैङ्गिक, सामाजिक विभेदहरुलाई वर्गीय विभेदमा आधारित भनिएको छ । यो पूर्ण सही भनाई होइन । त्यस्ता विभेदहरु वर्गहरुको उदयसँगै आरम्भ भएको हो भन्न सकिएला तर वर्ग आधारित मात्र भन्न मिल्दैन किनकि उपल्लो शोषक वर्गमा नै रहेका महिला, दलितले पनि विभेदको सामना गर्न‘पर्दछ। जस्तै धनी परिवारका महिला भएपनि उसले घरभित्र, समाजमा विभेद भोग्न परिरहेको छ र नागरिकतालगायतका कतिपय विषयका विभेदकारी ऐन, कानूनका कारण समस्या भोग्नुपरेको छ। त्यसैगरी धनी वर्गका दलितले पनि समाजमा विभेदको शिकार बन्नु परिरहेको छ, आफूभन्दा तल्लो वर्गका तर उपल्लो जाति भनिएकाहरुबाट हेपिनुपरिरहेको छ आदि ।

## ८) **यति र यस्तै हो त समाजवादी कार्यक्रम ?**

शीर्षकअनुसारको मुल विषयमा प्रवेश गर्न‘ अगाडि कार्यक्रम बारे हाम्रो अलमल र विरोधाभासबारे ध्यानाकृष्ट गर्नु उचित हुनेछ।

नवौं महाधिवेशनबाट नै हामीले नेपाली विशेषताको नयाँ जनवादी क्रान्ति २०६२/०६३ मा सम्पन्न भएको र नेपाली समाज पूँजीवादी चरणमा प्रवेश गरेको निष्कर्ष निकालेका थियौं। तर, सोही महाधिबेशनबाट क्रान्तिको कार्यक्रम चाहिँ जबज नै पास गरिएको थियो । जस्तो नवौं राष्ट्रिय महाधिवेशन (२०७१ असार १९ साउन १) बाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ- तसर्थ समाजवादको आधार तयार गर्नका लागि जनताको बहुलीय जनवादी कार्यक्रममा आधारित भएर आर्थिक सामाजिक रुपान्तरणका कार्यहरु अघि बढाउनु अहिलेको हाम्रो मुख्य कार्यभार हो ।

हाम्रो कार्यक्रमलाई केही वर्ष देखा परेको परिवर्तनहरुलाई समावेश गरेर थप समद्ध बनाउँदै अघि बढाउनुपर्छ । त्यसैले वर्तमान अवस्थामा पनि हाम्रो कार्यक्रम जनताको बहुदलीय जनवादी कार्यक्रम नै हुनेछ। (नेपाल कम्युनिष्ट पार्टी दस्तावेज संग्रह भाग-५ पेज ४०५ र ४०६, प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान)। त्यसैगरी सही प्रतिवेदनमा यो पनि भनिएको छ, तर आज हामीले लागू गर्ने कार्यक्रमको अन्तरबस्तु भने पूँजीवादी जनवादी हो, समाजवादी होइन (उही) । सो प्रतिवेदनमा यस्ता कुरा अनेक ठाउँमा छन् ।

अबको अहिले दशौँ महाधिवेशनमा आएर हामी आफै ठूला कुरा गर्दैछौ, (नवौं कै जस्तो परिस्थीतिमा) समाजवादी क्रान्तिको प्रक्रियालाई अघि बढाउन नचाहने कतिपय वामपन्थी साथीहरु मध्यपन्थ खोजिरहेका हुन्छन । दुई चरणबाट पार हुने क्रान्तिमा पहिलो चरण जुन विन्दुमा सम्पन्न हुन्छ ठिक त्यही विन्दुबाट क्रान्तिको दोश्रो चरण शुरु हुन्छ, अझै पनि कतिपय बामपन्थी साथीहरु ‘अहिले नै समाजवादी कार्यक्रम अघि सार्न सकिदैन’ भनिरहेका छन् । यो क्रान्तिकारी कार्य दिशाबाट दक्षिणपन्थी दिशातिर भड्किएको चिन्तन हो आदि इत्यादि (दस्तावेजहरु पेज ९३)।

एउटै परिस्थितिमा भएको दुई भिन्न महाधिवेशनबाट दुई भिन्न कार्यक्रम किन अघि सारिएको हो ? नवौँ महाधिवेशनबाट जबजको कार्यक्रम पास गरेर जाँदा पनि हामी नै अरुले बुझेकै छैन भन्ने अब उही परिस्थीतिमा दशौंबाट समाजवादी कार्यक्रम पास गर्न लाग्दा पनि हामीमात्र जान्ने/बुझ्ने ठान्ने ? यो कस्तो खाले बुझाई/विश्लेषण/दाबी हो ?

अब मूल विषयमा प्रवेश गर्न‘पर्दा प्रस्ताव गरिएको नेपाली विशेषताको समाजवादी कार्यक्रम अति अमूर्त, सैद्धान्तिक, अधुरो र मस्यौदामा कतिपय सानादेखि ठूला त्रुटि विरोधाभासपूर्ण विषयहरु लेखिएको छ। अब यसलाई अलि बिस्तारमा भन्नुपर्दा कार्यक्रम भन्नेबित्तिकै कार्यक्रम खालकै भोलिका दिनदखि नै विभिन्न क्षेत्रमा के गर्दै जानेछौं ? भन्ने खालको, बुझिने भाषामा आउनुपर्‍यो, समाजवादमा वा समाजवाद आइसकेपछि लागू गरिने खालका कार्यक्रममात्र होइन ।

समाजवाद कसैले ल्याइदिने कुरा नभएर कठोर वर्ग संघर्षद्वारा प्राप्त गरिने कुरा भएकोले त्यो कसरी प्राप्त गर्ने भन्ने खालका कार्यक्रमहरु, आजभोलिदेखि नै शोषण विभेदहरुलाई अन्त्य गर्दै जाने कार्यक्रमहरु, जनतालाई बलियो बनाउदै लाने खालका कार्यक्रम, आधारभूत पीडित जनतालाई अहिलेदेखि राहत पुग्ने खालको कार्यक्रमहरु ठोस रुपमा प्रस्ताव हुनुपर्‍यो । अमूर्त सैद्धान्तिक कुरा त लेख्नै पर्दैन त्यै समाजवाद भन्ने एक थान शब्दले आफै बोलिहाल्छन अमूर्त र सैद्धान्तिक कुरा त। जस्तै कम्युनिष्ट/मार्क्सवादीहरुले ल्याउन खोजेको समाजवादमा शोषण र अन्यायपूर्ण सबैखाले विभेदहरुलाई अन्त्य गरिँदै लगिनेछ /अन्त्य गरिनेछ।

शोषणको कारक बनेको निजी स्वामित्वको अन्त्य गरिनेछ, सामूहिक स्वामित्वको निर्माण गरिने छ। प्रचुर उत्पादनका अवस्था निर्माण गरिनेछ। समृद्ध राष्ट्रिय अर्थतन्त्रको विकास गरिनेछ। राष्ट्रिय स्वाधीनतालाई बलियो बनाइनेछ। जनतालाई वास्तविक मालिक बनाउने अवस्था, व्यवस्था निर्माण गरिनेछ। समाजवाद वर्ग संघर्षबाट मात्र सम्भव छ, आदि कुरा स्वतः बुझिन्छ थप कसैले लेख्न भन्न पर्दैन।

कम्तीमा पनि राज्यसत्ता सर्वहारा श्रमजीवी वर्गको हातमा वा पक्षमा वा दलाल पूँजीवादी वर्गविरोधी वर्गको/जनताको हातमा वा पक्षमा नआएसम्म समाजवाद ल्याउन सकिन्न, समाजवादी कार्यक्रमपूर्ण रुपले लागू गर्न सकिन्न भने राज्य सत्ता कसरी प्राप्त गर्ने वा त्यस्तो बनाउँदै लाने बारे त अलि प्रष्ट कार्यक्रम आउनुपर्‍यो।

राज्यसत्ताको बन्दोबस्ती गर्ने संविधान, ऐन, कानूनले हो अहिलेको संविधान, ऐन, कानूनले जनतापक्षीय राज्यसत्ताको बन्दोबस्ती गरेको छैन, वाास्तविक जनतालाई निरीह बनाएको छ। संविधान, ऐन, कानून अनेक खाले विभेद विकृति, विवाद र अस्थिरताको कारक र संरक्षक बनेको छ, त्यसैले कम्तीमा संविधान, ऐन, कानुन परिमार्जनका सम्बन्धमा ठोस प्रस्ताव आउनुपर्‍यो।

जस्तै समाजवाद जनतालाई मालिक/निर्णायक बनाउने व्यवस्था

हो तर अहिलेको व्यवस्थाले जनतालाई निरीह मतदाता मात्र बनाएको छ। मार्क्सको भाषामा- 'यो खालको राजनीति व्यवस्थामा आयोजना हुने आवधिक निर्वाचन केवल पाँच वर्षमा आफ्नो मालिक/शासक छनौट गर्ने प्रक्रियामात्र हो।' जनताको भोटले जित्ने जनप्रतिनिधिहरुले आफूलाई भोट हाल्ने जनताकै हित विरुद्धमा काम गरेपनि, भोट माग्ने बेला गरेका बाचा पूरा नगरेपनि, देशघात, जनघात गरेपनि जनताले केही गर्न नसक्ने, कुनै पनि विषयमा जनता आफूले कहिल्यै निर्णय गर्न नपाउने यस्तो व्यवस्थाको विकल्पमा जनतालाई निर्णायक बनाउने हाम्रा विकल्प के हुन् ?

निर्वाचन प्रणालीको कारण पैसावालाले मात्र चुवान लड्ने, जित्ने, चुनावको लागि पैसा माग्न व्यक्ति, पार्टी पैसावालाकोमा, क्रान्तिको शत्रु दलाल पूँजीपतीकैमा समेत जानुपर्ने, अनि व्यक्ति/पार्टी तिनै दलाल पूँजीपतिको ऐजेन्ट बन्नुपर्ने भन्ने हाम्रो निष्कर्ष छ वा यथार्थ त्यस्तो छ तर यस्तो निर्वाचन प्रणालीको विकल्प के ?

अहिलेको निर्वाचन प्रणालीकै कारण कुनै पनि पार्टीको बहुमत नआउने जसको कारण सरकार, राजनीति अस्थिर बन्ने, घिनलाग्दा संसदीय अभ्यासहरु अवलम्बन गरिने यस्ता कारणले सरकारले राम्रो काम गर्न नसक्ने, जनताको मनमा पार्टी, नेता राजनीति व्यवस्थाप्रति नै वितृष्णा असन्तुष्टि र आक्रोश जाग्ने, यस्ता कुराले अराजक र व्यवस्था विरोधी शक्तिहरु मौलाउने, देखापर्ने आदि भइरहेको छ। त्यसैले अहिलेको निर्वाचन प्रणालीको विकल्प के ?

जसको प्रतिनिधित्व गराउनका लागि समावेशी, समानुपातिक निर्वाचन प्रणाली राखिएको थियो, त्यो अनुसारको प्रतिनिधित्व भईरहेको छैन, विकल्प के ?

संघीयता नाम मात्रको भएको छ, यसलाई सुधार्ने विकल्प के ?

संविधान, ऐन कानून, जनप्रतिनिधि राजनीतिक नेतृत्वलाई शासक वा निर्णायक बनाउने खालको छैन। कर्मचारी प्रशासनलाई शासक वा निर्णायक बनाउने खालको छ, त्यसलाई परिवर्तन गर्ने विकल्प के ?

लेलिनले भने जस्तै- संसद् कुकुरकै मासु बेच्ने ठाउँ जस्तो बनाइँदैछ। बहुमतका नाममा जे पनि गरिने, अध्यादेशको गलत प्रयोग गर्दै मनलाग्दी गर्ने, जनप्रतिनिधि नै भएपनि सत्ता पक्षबाहेकका सांसद्हरु निरीह बन्नुपर्ने अबस्था छ, यसको विकल्प के ?

यस्ता आँखैअगाडि दिनदिनै खेप्नु परिरहेको समस्याबारे केही नबोल्ने, विकल्प अघि नसार्ने अनि समाजवादको ठूला कुरा गरेरमात्रै हुन्छ के ?

सेना, प्रहरी, अड्डा , अदालत, कर्मचारी, प्रशासनलाई कसरी जनपक्षीय बनाउने भन्ने विषय त छँदैछ।

पूँजीवादी मुलुकमा पनि नभएका लैङ्गिक, जातीयलगायतका अन्यायपूर्ण विभेदहरु हटाउन समाजवाद कुर्नै पर्दैन, त्यससम्बन्धी ठोस प्रस्ताव/कार्यक्रमहरु किन अघि नसार्ने। जस्तै आमाको नामबाट छोराछोरीले नागरिकता पाउने कुरा, विवाहित महिला चाहे श्रीमान् बितेर एकल भएको होस्, उसले आफ्नै नागरिकता वा आफ्ना सन्तानको नागरिकता बनाउन कति समस्या भोग्नुपर्छ।

जातीय विभेद र समस्याको गहिराई त हामीले कहिले बुझ्ने कोसिससमेत गरेनौ, गर्दैनौ। जातीय विभेद, समस्या सामान्य व्यवहारको दौरानमा उत्पन्न समस्या होइन।

यो धेरै नै गम्भीर समस्या हो र हजारौं वर्षसम्म निर्ममतापूर्वक लागू गरिएको जात व्यवस्थाको कारण सिर्जित समस्या हो। कम्युनिष्ट पार्टीले वर्गीय समस्यालाई प्रधान मान्छ भन्दै जातीय समस्याबाट भाग्न खोज्ने कठमूल्लावादी कमरेडहरुले बुझ्न जरुरी छ कि, नेपालमा जात व्यवस्थाले उत्पादन सम्बन्ध, वर्गहरुको शुरुवात र आधार तयार गरेको थियो र जसको प्रभाव अहिले पनि छ। जस्तो कि, खास जातका राजा हुने, खास जातका सेनापति, सेना, मन्त्री, हाकिम, भूमिका मालिक, सम्पत्तिका मालिक हुने, उनीहरुलाई पढ्ने अवसर दिइने, खास जातकालाई पढ्ने, पढाउने, दरबारका सल्लाकार, पुरेत, पन्डित हुने, ईश्वर, देउताका प्रतिनिधिजस्तो, सम्पर्क सूत्र

जस्तो हुने, सम्पत्तिका मालिक हुने, खास जातकालाई दुखिया कृषि पद्धति भएको बेला कृषिको काम, भारी बोकेर घरघरै सामान बेच्नुपरेको बेला ब्यापारको काम र अहिले दलित भनिएर चिनिने जातलाई अरुको सेवामूलक काममात्र लगाउने, कामको मोल राम्रो नदिने, पढ्न नदिने, जग्गा जमीन राख्न नदिने, अछुत बनाउने जस्ता काम गरियो र तोकिएको काम अनिवार्य रुपले गर्नैपर्ने तर अरु काम गर्न नदिईने, यसै अनुकारको नियम, प्रथा, चलन बनाउँदै, कार्यान्वयन गर्दै लगियो र यस्तो जात व्यवस्था हजारौं वर्ष चलाइयो र अहिले पनि त्यसको अवशेष बाँकी छ। यस्तो व्यवस्थाको कारण सिंगो जात समूह नै कोही तल कोही माथि हुने अवस्था निर्माण भयो, वर्गीय रुपले, चेतनाको हिसाबले, मानसिक रुपले समेत।

त्यसैले संविधान कानूनमा सबै जात लिङ्गबीचमा भेदभाव हुने छैन भनेर समस्याको समाधान हुने छैन। हिजोको विभेदकारी राज्य व्यवस्था समाज व्यवस्थाको कारण उनीहरु धेरै हिसाबले पछि परेको कारण उनीहरुलाई अरु बराबरीमा ल्याउन विशेष कार्यक्रमहरु ......जरुरी छ, त्यो खोई?

प्रचुर उत्पादनविना समाजवाद सम्भव छैन तर यो सजिलो काम छैन। भुमण्डलीकृत पूँजीवाद मिलेर सन्सारभरी शोषण गर्न लागिपरेका छन्, सूचना , संचार , यातायात, विज्ञान, प्रविधिको विकास र प्रयोगले उनीहरुलाई विश्वभरी लुट चलाउन सजिलो भएको छ, आफ्नो योजना र प्रभानमा सन्सारभरी छिर्न, लुट्न सजिलो हुने अन्तराष्ट्रिय कानूनहरु, प्रावधानहरु बनाउन सफल भएका छन, त्यस्ता खालका कानूनहरु प्रावधानहरु थप सम्झौता र शर्तहरु मान्ने बोल कबोल, सम्झौताहरु विश्वभरिका शासकहरुलाई तिनिहरुले गराइसकेको छ। त्यतिमात्र होइन देशमा आफ्ना दलालहरु तयार गरेका छन्। यस्तो परिस्थितिमा हामी साम्राज्यवादीहरुको उत्पादन आयामलाई रोख्न पनि सक्दैनौं र उनीहरुको सस्तो र राम्रो उत्पादनसँग हाम्रा उत्पादनले प्रतिस्पर्धा गर्न कठिन पनि हुन्छ। यस्तो अवस्थामा हाम्रो उत्पादनलाई कसरी प्रोत्साहित /संरक्षण गर्ने ठोस प्रस्तावहरु खोई ?

तत्काल सबैलाई रोजगारी दिन सकिँदैन जनताको आथिक अवस्था उठिहाल्दैन, त्यस्तो अवस्थामा जनतालाई आधारभूत आवश्यकता पूरा गर्न पनि गाह्रो छ। त्यसैले शिक्षा, स्वास्थ्य, बिजुली, खानेपानीजस्ता आधारभूत आवश्यकतामा गरिब जनताको पनि समान पहुँच कसरी निर्माण गर्ने ठोस प्रस्ताव खोई ?

असक्त, अपाङ्ग, सहाराविहीन, वृद्धहरुको जीवन कहालीलाग्दो छ, त्यसलाई राज्यले संरक्षण गरेर मान्छेजस्तो वनाएर राख्ने बारेमा ठोस कार्यक्रम खोई ?

कम्युनिष्ट पार्टीका विशाल पंक्ति/लाखौं मानिसहरु पूर्णकालिन हुने नाममा उपभोक्ता/अनुत्पादक मात्र भएर बस्ने की उत्पादक बन्ने/उत्पादनसँग जोडिने ? वर्षौंसम्म देश र जनताका लागि दुःख गर्ने, सुख र समृद्धिको सपना वाँड्ने तर आफ्नो हातमा झन्डा र पुस्तक बाहेक केही नहुने, खल्ती रित्तो हुने तरिकाले मात्रै काम गर्ने ? उद्यम/उर्पाजनसँग जोडिँदै पूँजिपतिहरुको अगाडि शानका साथ बाँच्न ? केही बोल्नु/विकल्प दिनु प्रदैन र ?

दैनिक १५ सयभन्दा बढी काम गर्न सक्षम युवाहरू ठूलो प्लेन चढेर देश छाड्दैछन् र दुईदर्जन जति काठको बाकसमा देश फिर्दैछन्। यस्ता कहाली लाग्दो अवस्थालाई रोक्न ठोस र काम लाग्दा कार्यक्रम के हुन सक्छन् ? हाम्रा प्रस्ताव के हुन् ?

कार्यक्रमको सन्दर्भमा यी त केही प्रतिनिधिमूलक प्रश्नहरुमात्र हुन्, समय कम र लेख्न लामो भएकाले सबैबारे चर्चा गर्न सम्भव पनि भएन र उठान गरिएको विषयमा विकल्पहरु प्रस्तुत गर्न पनि सकिएन।